## देवाही गोनाही नगरपालिका

# स्थानीय राजपत्र

देवाही गोनाही नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४, संख्याः ६, मिति : २०७९/०५/०७

## भाग-१

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

वि.सं. २०७९ सालको ऐन नं. ६

# देवाही गोनाही नगरपालिका कृषि ऐन, २०७९

प्रमाणीकरण मिति : २०७९।०५।०७

**प्रस्तावना:** देवाही गोनाही नगरपालिकाको क्षेत्रभित्रको किसानहरुको खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण एवम् परिपूर्ति गर्न, कृषि तथा पशुपालन, कृषिजन्य तथा पशुजन्य उत्पादनको गुणस्तर कायम गर्न, कृषि वस्तु तथा पशुजन्य पदार्थको व्यवसायीकरण, व्यवसायको प्रवर्द्धन एवम्व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन, उत्पादित वस्तुको बजार निश्चित गर्न र बजारीकरणद्वारा व्यवसायिक रूपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), अनुसूची ८, सूची १५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को खण्ड (ण) र (द) बमोजिम दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देवाही गोनाही नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "देवाही गोनाही नगरपालिका कृषि ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले देवाही गोनाही नगरपालिकाको कृषि ऐनलाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले देवाही गोनाही नगरपालिका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले देवाही गोनाही नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवाही गोनाही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "कृषि शाखा" भन्नाले नगरपालिकामा रहेको कृषि तथा पशु सेवा एवम् कृषि प्रसार सम्बन्धी कार्य सम्पादन गर्ने शाखा वा उपशाखा वा इकाईलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले यस ऐनको दफा २० बमोजिम गठन भएको नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन समिति सम्झनु पर्छ र सो शब्दले कृषि बजार सञ्चालन एवम्‌व्यवस्थापन समितिलाई समेत जनाउनेछ ।

(झ) "नगर कृषि अधिकृत" भन्नाले देवाही गोनाही नगरपालिकाको कृषि शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले सङ्घ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पंक्षी र माछालाई समेत जनाउँछ ।

(ड) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वांख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(ढ) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री, फुल, चल्ला, भुरा, आहार, औषधी र अन्य उपयोगी सामग्री समेतलाई सम्झनु पर्छ ।

(ण) "कृषि सामाग्री" भन्नाले मलखाद, बीउबिजन, बिरुवा, बिषादी, कृषि यन्त्र, जैविक मल, प्राङ्गारिक मल र कृषि प्रयोजनका अन्य सामाग्रीहरु समेतलाई सम्झनुपर्छ ।

(त) "उत्पादक" भन्नाले कृषि वस्तु तथा पशुजन्य पदार्थ उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(थ) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार तथा पशु हाट बजार वा कृषिजन्य वस्तुहरू तथा पशुजन्य पदार्थको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शब्दले सङ्गठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(द) "कोष" भन्नाले यस ऐनको दफा २४ बमोजिम स्थापित कृषि तथा पशुपालन व्यवसाय [illegible]

(ध) "कृषक" भन्नाले यस ऐनको प्रयोजनको लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती पाती वा पशुपालन गर्ने कृषक वा किसान, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(न) "कृषि" भन्नाले खाद्यान्न बाली, बागवानी जन्य: फलफूल, तरकारी, मसलाबाली, पुष्प, च्याउ, मौरी, रेशम, नारिवल, सुपारी, घाँसेबाली, तेलहन, दलहन, कपास, जुट, उखु, कृषि पर्यटन, कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन उद्योग एवम् व्यवसायहरु समेत जनाउँछ ।

(प) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि खण्ड (न) बमोजिमका बाली जन्य उत्पादनका लागि उत्पादन सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(फ) "पशुपालन फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि खण्ड (ड) र (ढ) बमोजिमका उत्पादनका लागि उत्पादन सञ्चालन गरिएको पशुपालन फार्म सम्झनु पर्छ ।

(ब) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको विक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(भ) "पशुजन्य पदार्थको बजार" भन्नाले पशुजन्य उत्पादनको प्याकेजिङ्ग, भण्डारण, संरक्षण, ढुवानी, विक्री वितरण गर्ने बजारलाई सम्झनु पर्छ ।

(म) "पशु हाट बजार" भन्नाले पशु किन बेच गर्ने बजारलाई सम्झनुपर्छ ।

(य) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट बिरुवाबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(र) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने अन्न बाली, दलहन बाली, तेलहन बाली, उखु बाली, पुष्प बाली, जुट बाली, तरकारी बाली उत्पादन,मह उत्पादन, रेशम उत्पादन, अन्य कृषि जन्य वस्तुको उत्पादन,

(२) उत्पादित कृषिजन्य वस्तुको भण्डारण एवम्संरक्षण

(३) कृषिजन्य वस्तुको प्रशोधन,

(४) कृषि उपजको व्यापार,

(५) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(६) कृषि उत्पादनको लागि प्रयोग हुने बिउ र बेर्नाको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(७) कृषिमा प्रयोग हुने विषादीको भण्डारण तथा विक्री व्यवसाय ।

(ल) "पशुपालन व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) पशुजन्य उत्पादन, माछा उत्पादन, अन्य पशुजन्य पदार्थको उत्पादन,

(२) उत्पादित पशुजन्य पदार्थको प्रसोधन, भण्डारण एवम् संरक्षण

(३) पशुजन्य उत्पादनको लागि प्रयोग हुने घाँसको बिउ र बेर्ना, नश्ल र भुगको उत्पादन, ह्याचरी, परामर्श सेवा, चिकित्सा सेवा, प्राविधिक सेवा

(४) पशुपालनमा प्रयोग हुने औषधि, सिमेन, दाना, आहार, पशुजन्य उत्पादन अन्य सामग्रीको उत्पादन, भण्डारण तथा विक्री व्यवसाय ।

(५) पशु तथा पशुजन्य पदार्थको व्यापार

(व) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(श) "थोक बजार" भन्नाले कुनै उत्पादक, थोकविक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झिनु पर्छ ।

(ष) "विक्रेता" भन्नाले कृषि वस्तुहरू तथा पशुजन्य पदार्थ बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, नगरपालिका आफैले सञ्चालन गरेका कृषि भण्डारण तथा खरिद बिक्री केन्द्र वा नगर कृषि संस्थान, कम्पनी वा एजेन्ट विक्रेता समेतलाई सम्झनु पर्छ ।

(स) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तु तथा पशु वा पशुजन्य पदार्थको व्यावसायिक उत्पादन, खरिद, बिक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ। यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रूपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा बालीको उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(ह) "विशेष कृषि क्षेत्र" भन्नाले दफा ३९(२) को आधारमा तोकिएको कृषिको व्यवसायीकरणको लागि खास कृषिवा कृषिको उपशाखा अन्तर्गतको कृषिजन्य उत्पादन उत्पादनको लागि कार्यपालिकाले घोषणा गरेको कृषि क्षेत्र र यसले विशेष कृषि पकेट क्षेत्रसमेतलाई जनाउँछ ।

(क्ष) "विशेष पशुपालन क्षेत्र" भन्नाले दफा ४१(२) को आधारमा तोकिएको पशुपालनको व्यवसायीकरणको लागि खास पशुपालन वा पशुपालनको उपशाखा अन्तर्गतको पशुजन्य उत्पादनको लागि कार्यपालिकाले घोषणा गरेको पशुपालन क्षेत्र र यसले विशेष पशुजन्य उत्पादन पकेट क्षेत्र समेतलाई जनाउँछ ।

(त्र) "सङ्कलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले नगरपालिकाले सञ्चालन गरेको वा तोकेको कृषि उपज तथा पशुजन्य पदार्थ सङ्कलन केन्द्रलाई सम्झनु पर्छ ।

(ज्ञ) "हाट-बजार" भन्नाले कृषि उपज वा पशु वा पशुजन्य पदार्थ लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले नगरपालिका आफैले सञ्चालन गरेको वा नगरपालिकाबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## पशुपालन, पशु स्वास्थ्य र पशुजन्य उत्पादन सम्बन्धी व्यवस्था

३. पशुपालनः (१) नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति, समूह, कम्पनी, कृषि सहकारीले पशुपालन व्यवसाय गर्न सक्नेछ ।

*स्पष्टीकरण :* पशुपालन भन्नाले गाई पालन, भैंसी पालन, बाख्रा पालन, भेडा पालन, बंगुर पालन, सुंगुर पालन, कुखुरा पालन, अन्य पंक्षी पालन, मत्स्य पालन र कानून बमोजिम अनुमति लिएर जंगली जनावर वा पंक्षी पालनलाई समेत सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय गर्न नगरपालिकामा देहायको सङ्ख्यामा पशुपालन गर्नेले पशुपालन फर्म अनिवार्य दर्ता गर्नु पर्नेछ ।

(क) गाई वा भैंसी ५ वटा वा सोभन्दा बढी

(ख) भेडा वा बाख्रा २५ वटा वा सोभन्दा बढी

(ग) बंगुर र सुंगुर २० वटा वा सोभन्दा वढी
(ग) हाँस, कुखुरा ५०० वटा वा सो भन्दा वढी र अन्य पंक्षी पालन तोकिए वमोजिमको संख्या वा सोभन्दा वढी
(घ) मत्स्य पालन ५ कट्ठाको पोखरी वा सोभन्दा वढीको क्षेत्रफलमा
(ङ) कानुन वमोजिम जङ्गली जनावर वा पंक्षी पालनको सम्वन्धमा अनुमति वमोजिमको सङ्ख्या

(३) फर्म दर्ता सम्वन्धी प्रक्रिया तोकिए वमोजिम हुनेछ ।

(४) नगरपालिकाले व्यवसायिक पशुपालनको लागि आवश्यक मापदण्ड तथा निर्देशिका जारि गर्न सक्नेछ ।

(५) साना किसान तथा व्यवसायीक पशुपालन गर्ने कृषि व्यवसायीलाइ नगरपालिकाले आवश्यक सुविधाको प्रवन्ध गर्न सक्नेछ ।

(६) नगरपालिकाले कुनै पशुपालन व्यवसायी वा सहकारी संस्था मार्फत गाई, भैंसी, भेडा, वाख्रा, वंगुर, आदिको फरक फरक स्थानमा स्रोत केन्द्रको स्थापना गर्न सक्नेछ ।

(७) उपदफा (६) वमोजिमको पशु स्रोतकेन्द्र व्यवस्थापन र सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(८) पशुपालकले आफ्नो पशुलाई सार्वजनिक स्थल, सरकारी स्थल, सडक, वाटोघाटोमा छाड्न र बाँध्न हुँदैन ।

(९) छाडा पशुहरुको नियन्त्रण सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

४. **पशु आहारा र चरनः** (१) कुनै पनि व्यक्ति, समूह, कम्पनी वा सहकारीले पशु आहारको उत्पादन, विक्री वितरण, निकासी पैठारी गर्न नगरपालिकामा फर्म दर्ताको लागि तोकिएको विवरण सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन प्रक्रियागत रूपले ठीक भएमा नगरपालिकाको दर्ता गर्ने अधिकारीले दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) वमोजिम प्रमाणपत्र प्राप्त गरेको व्यक्ति वा समूह वा कम्पनी वा सहकारीले नगरपालिकाले सिफारिस गरेको गुणस्तरीय पशु आहार उत्पादन, विक्री वितरण, निकासी र पैठारी गर्न सक्नेछ ।

(४) उत्पादित वा पैठारी गरेको पशु आहारा नगर कृषि शाखामा गुणस्तर परीक्षण गराएर मात्र विक्री वितरण गर्नु पर्नेछ ।

(५) पशु आहारको गुणस्तरको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

(६) पशु चरण क्षेत्र नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

५. **पशु चिकित्सा सेवा, पशु रोग नियन्त्रण, प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणः**

(१) नेपाल पशु चिकित्सा परिषदमा नाम दर्ता भएको पशु चिकित्सक वा पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नगर पशु सेवा शाखा वा उपशाखाका पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकले मात्र पशु चिकित्सा सेवा प्रदान गर्न सक्नेछ ।

(२) पशु चिकित्सा व्यवसायीले नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ र वर्षेनी नवीकरण गर्नु पर्नेछ ।

(३) रोग तथा चोटपटकको जोखिममा परेको पशुको उपचारका लागि नगर कार्यपालिकाले नगर पशु अस्पतालको व्यवस्था गर्न सक्नेछ ।

(४) दैनिक रूपमा नगरपालिका अन्तर्गतको पशु सेवा शाखा वा उपशाखाबाट पशु विकास तथा पशु स्वास्थ्य सेवा प्रदान हुनेछ ।

(५) नगरपालिकाले परजीवी र माहामारी रोग पशुहरुमा लाग्नबाट रोक्न समय समयमा औषधी र भ्याक्सिनेशनको व्यवस्था गर्नेछ ।

(६) पशुहरुमा महामारी रोगको प्रकोप आएमा नगर पशु चिकित्सकको प्रतिवेदनको आधारमा नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन समितिको निर्णय बमोजिम नगर प्रमुखले महामारी नियन्त्रणमा नआएसम्मको लागि सङ्कटकालीन अवस्थाको घोषणा गर्न सक्नेछ ।

(७) सङ्कटकालीन अवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) पशु तथा पशुजन्य पदार्थको स्वास्थ्य परीक्षण गर्न नगर कार्यपालिकाले एउटा पशु क्वारेन्टाइन चेकपोष्टको व्यवस्था गर्न सक्नेछ ।

(९) क्वारेन्टाइन चेकपोष्टबाट स्वास्थ्य परीक्षण भई क्वारेन्टाइन अधिकारीले अनुमति नदिई पशु तथा पशुजन्य पदार्थ नगर क्षेत्र भित्र पैठारी गर्न पाइने छैन ।

(१०) क्वारेन्टाइन पोष्ट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन :** (१) किसानहरुले नगरपालिकाले सिफारिस गरेको जातको भाले पशुमात्र गर्भाधानको लागि पाल्न सक्नेछ । गर्भाधानको लागि बाहेक अन्य भाले पशुलाई खसी पारेर पाल्नुपर्छ । तर परम्परागत सांस्कृतिक प्रयोजनको लागि खसी नपारीकन पालिने भाले पशु गर्भाधानको लागि प्रयोग नहुने गरी पाल्न बाधा हुनेछैन ।

(२) नगरपलिकाले सिफारिस गरेको नश्लको मात्र कृत्रिम गर्भाधान गराउन सकिनेछ ।

७. **पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली :**

(१) नगरपालिका अन्तर्गतका नगर पशु सेवा शाखा तथा नगर पशु सेवा उपशाखामा पशुपंक्षीको तथ्याङ्क सङ्कलन गरिनेछ ।

(२) नगर पशु सेवा शाखा तथा नगर पशु सेवा उपशाखाले सङ्कलन गरेको तथ्याङ्क नियमित रूपमा नगर कृषि शाखामा पेश गर्नु पर्नेछ ।

८. **पशु बधशाला र शीत भण्डारण सम्बन्धी व्यवस्था :** (१) पशु बधशाला र शीत भण्डारण सञ्चालन गर्न कुनै पनि व्यक्ति, समूह, सहकारी वा कम्पनीले तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा दर्ताको लागि नगरपालिकामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन संलग्न बिवरण सही भएमा नगर पशु चिकित्सकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले दर्ता गरेर आवश्यक जाँचबुझ गरी व्यवसाय सञ्चालन हुने कुराको विश्वास लागेमा दर्ता प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिमको दर्ता प्रमाणपत्र पाएको पशु बधशाला वा शीत भण्डारण सञ्चालनको लागि तोकिएको अधिकारीबाट इजाजतपत्र अनिवार्य रूपले लिनु पर्नेछ ।

(४) पशु बधशाला र शीत भण्डारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिमको पशु बधशाला वा शीत भण्डारण सञ्चालन गर्ने संस्था वा व्यक्तिले प्रत्येक बर्ष वार्षिक प्रतिवेदन बुझाई नवीकरण गर्नु पर्नेछ ।

(६) तोकिएको मापदण्ड विपरीत वा यस ऐन विपरीत कार्य गरेमा वा पालना गर्नुपर्ने सङ्घीय तथा प्रदेश कानून विपरीत कार्य गरेमा सम्बन्धित अधिकारीको प्रतिवेदनको आधारमा नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले पशु बधशाला वा शीत भण्डारणको इजाजत रद्द गर्ने वा उत्पादन स्थगन वा सञ्चालनमा रोक लगाउने आदेश दिन सक्नेछ ।

(७) नगर कार्यपालिकाको निर्णय अनुसार, कार्यपालिका आफैंले एकल लगानिमा वा साझेदारीमा पशु वधशाला र शीत भण्डारण निर्माण, व्यवस्थापन एवम् सञ्चालन गर्न सक्नेछ ।

९. **अनुगमन, निरीक्षण, परीक्षण सम्बन्धी व्यवस्था :** (१) यस परिच्छेद बमोजिम सञ्चालन हुने पशुपालन तथा पशुजन्य उत्पादन सम्बन्धी व्यवसायको नगर कृषि व्यवसाय नियमन तथा प्रवर्धन समितिले वा समितिले खटाएको अधिकारी वा समितिले नियुक्त गरेको विज्ञले अनुगमन, निरीक्षण, परीक्षण गर्न गराउन सक्नेछ ।

(२) पशुपक्षीमा प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, व्यवसायिक प्रवर्द्धनको विषयमा नगरपालिकाले पशु अस्पताल तथा पशु सेवा ज्ञान केन्द्र, प्रदेश, र सङ्घीय सरकारको वा गैर सरकारी सङ्घ संस्था तथा कुनै अनुसन्धान केन्द्र तथा सम्बन्धित विश्वविद्यालयको सहयोग लिन सक्नेछ ।

## परिच्छेद ३

## कृषक, कृषिजन्य उत्पादन, साना सिंचाई, बाली संरक्षण, भण्डारण सम्बन्धी व्यवस्था

१०. **कृषकको खाद्य सम्प्रभुताको अधिकारको सम्मान र संरक्षण :** (१) कृषकहरुको ज्ञान, सीप र व्यवसायिक संस्कृतिको आधारमा नगरपालिकाले कृषि व्यवसाय गर्ने हकको सम्मान, संरक्षण र परिपूर्तिको यथोचित व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) को कृषकको खाद्य सम्प्रभुताको अधिकारको सुनिश्चितताको लागि सङ्घ, प्रदेशसंग समन्वय गरी नगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो सीमा क्षेत्रभित्र कृषि व्यवसायलाइ आधारभूत व्यवसायको रूपमा विकास गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(४) नगरपालिकाले दैनिक रुपमा कृषक तथा कृषि व्यवसायीहरुलाई कृषि शाखा, यस अन्तर्गतका कृषि उपशाखा र इकाईबाट कृषि सेवा प्रदान गर्नेछ ।

(५) प्राकृतिक प्रकोप तथा प्राकृतिक कारणले वाली नोक्सान भएमा नगरपालिकाले साना तथा गरीब कृषकहरुलाई राहत उपलब्ध गराउन सक्नेछ ।

११. **कृषिजन्य उत्पादन :**(१) कुनै कृषक, कृषक समूह, कृषि सहकारी र कम्पनीले कृषि व्यवसाय गर्न नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) कृषि व्यवसाय दर्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कृषि व्यवसायीले उत्पादन गरेको कृषि वस्तु तोकिएको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(४) कृषि व्यवसायीले नगरपालिकाले सिफारिस गरेको कृषि जन्य उत्पादन गर्नु पर्नेछ ।

(५) नगरपालिकाले सङ्घ, प्रदेश र स्थानीय तथा प्रदेश र स्थानीयको साझा अधिकार सूचीमा परेकोमा समन्वय गरी नगरपालिका क्षेत्रभित्र गर्न सकिने कृषि व्यवसायको सिफारिस गर्न सक्नेछ ।

(६) कृषि जन्य उत्पादन गर्दा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने जीवनाशक तथा कीटनाशक एवम् रसायनहरुको प्रयोग गर्नु हुदैन ।

(७) नगरपालिकाले प्राङ्गारिक कृषिजन्य उत्पादनको लागि विशेष तालिम, प्रविधि र सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

(८) नगरपालिकाले कृषि सहकारी र कृषि व्यवसायीसंगको सहकार्यमा वा आफैले कृषि स्रोत केन्द्रको स्थापना गर्न सक्नेछ ।

१२. **साना सिंचाई:** (१) नगरपालिकाले कृषि उत्पादनको लागि स्थानीय सिंचाईको स्रोत व्यवस्थापन गरी साना सिंचाईको प्रवन्ध र व्यवस्थापन गर्न सक्नेछ ।

(२) भौगोलिक अवस्था र बाली उत्पादन लक्ष्यको आधारमा नगरपालिकाले त्यस क्षेत्रको लागि सिंचाईको प्रविधि निर्धारण गर्न सक्नेछ ।

(३) साना सिंचाई व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **बाली संरक्षण :** (१) नगरपालिकाले बाली संरक्षण सम्बन्धी जैविक र स्थानीय तथा परम्परागत विधि तथा प्रविधिलाई विकास गर्न विभिन्न कार्यक्रम तथा योजना सञ्चालन गर्न सक्नेछ ।

(२) बाली संरक्षणसंग सम्बन्धित जीवनाशक तथा कीटनाशक विषादीहरुको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) बीउबिजन, बिरुवाको क्वारेन्टाइन चेक गर्ने अधिकारीले परीक्षण गरी अनुमति दिएमा मात्र नगरपालिका क्षेत्रभित्र पैठारी गर्न सकिनेछ ।

(४) क्वारेन्टाइन चेक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) जङ्गली जनावरबाट बाली संरक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **कृषि सामाग्रीको आपूर्ति र वितरण :** (१) नगरपालिकामा दर्ता नभएको व्यक्ति, समूह, कृषि सहकारी वा कम्पनीले कृषि सामग्रीको आपूर्ति, बिक्री वितरण गर्न पाउने छैन ।

(२) कृषि सामग्रीको आपूर्ति र बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था एवम् मापदण्ड तोकिए बमोजिम हुनेछ ।

१५. **कृषिजन्य उत्पादनको भण्डारण :** कृषि जन्य उत्पादनको भण्डारण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **अनुगमन, निरीक्षण, परीक्षण सम्बन्धी व्यवस्था :** (१) यस परिच्छेद बमोजिम सञ्चालन हुने कृषिजन्य उत्पादन सम्बन्धी व्यवसायको नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन समितिले वा समितिले खटाएको अधिकारी वा समितिले नियुक्त गरेको विज्ञले अनुगमन, निरीक्षण, परीक्षण गर्न गराउन सक्नेछ ।

(२) प्राकृतिक प्रकोपको नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, खाद्यान्न संरक्षण, र व्यवसाय प्रवर्द्धनको विषयमा नगरपालिकाले कृषि ज्ञान केन्द्र, प्रदेश, र सङ्घीय सरकारको वा गैर सरकारी सङ्घ संस्था तथा कुनै अनुसन्धान केन्द्र वा विश्वविद्यालयको सहयोग लिन सक्नेछ ।

## परिच्छेद ४

## कृषि बजारसम्बन्धी व्यवस्था

१७. **कृषि बजारको स्थापना:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले सम्बन्धित नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

१८. **कृषि बजारको वर्गीकरण** :(१) यस ऐनको दफा १७ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) कृषि भण्डारण तथा खरिद बिक्री केन्द्र

(ख) थोक बजार,

(ग) खुद्रा बजार,

(घ) हाट-बजार,

(ङ) सङ्कलन केन्द्र ।

(२) नगरपालिकाले पशुजन्य पदार्थको बजार र पशु हाट बजारको छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको बजार सञ्चालन बापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(४) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१९. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति:** (१) यस ऐनको दफा १७ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन सम्बन्धी व्यवस्था

२०. **नगर कृषि तथा पशुपालन व्यवसाय नियमन तथा प्रवर्द्धन समिति:** (१) कृषि तथा पशुपालन क्षेत्रको समग्र गुणस्तरीय विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न देवाही गोनाही नगरपालिकामा एक नगर कृषि व्यवसाय नियमन तथा प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) नगरपालिकाको प्रमुख – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य – सदस्य

(घ) नगर खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य

(ङ) नगर पशु चिकित्सक एक जना – सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसान मध्ये एक जना – सदस्य

(छ) नगरपालिकाको कृषि अधिकृत – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार बिभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकाको कृषि शाखामा रहनेछ ।

२१. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको प्रशासनिक क्षेत्रमा कृषि तथा पशुपालन व्यवसाय नियमन एवम् प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि तथा पशुपालन व्यवसाय नियमन एवम् प्रवर्द्धन गर्न सङ्घीय तथा प्रादेशिक सरकार र मातहतका निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्ने प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) कृषकहरुको खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न नगरस्तरीय योजना निर्माण गरी कार्यपालिकामा पेश गर्ने ।

(ज) नगर कार्यपालिकाले तोकेका कार्यहरु गर्ने ।

(झ) ऐन विपरीत कार्य गर्नेलाई आवश्यक कारवाही गर्ने ।

(ञ) कृषि समाग्री तथा पशुपालन, माछापालन, पछी पालन संग सम्बन्धित समाग्रीहरुको सहज उपलब्ध गराइ वितरणको उपयुक्त व्यवस्था मिलाउने ।

(ट) सिचाइको आवश्यक व्यवस्था मिलाउने ।

(ठ) कृषकहरुलाई आवश्यक अनुदानको व्यवस्था गर्ने गराउने ।

(ड) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

२२. **कृषि व्यवसायलाई सुविधा दिने:-** (१) नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर, निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२३. **कृषि ऋण:** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई सरकारको अति प्राथमिकताका क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो बापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नुपर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बराबरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ६

## कोषको स्थापना तथा सञ्चालन

२४. **कोषको स्थापना :** (१) कृषि व्यवसाय तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थासंग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम बापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि सङ्घीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

२५. **कोषको सञ्चालन** : (१) नगरपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ।

(२) कोषको सचिवालय नगरपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ।

२६. **कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा २४ बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानुन बमोजिम कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ।

(३) कोषको खाता सञ्चालन तथा कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **लेखा र लेखा परीक्षण** (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद ७
## व्यवसायिक कृषि करार (लिज)

२८. **व्यवसायिक कृषि करार गर्न सकिने** : (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानुनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत करार सम्झौता गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२९. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने** : कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति, कृषि सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

३०. **जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः** (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रूपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानुनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा २९ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकाले खेती नगरी लगातार २ वर्षसम्म बाँझो रहेको कृषि योग्य जमिन नेपाल सरकारले तोकिए बमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ।

(५) नगरपालिकाको प्रशासनिक क्षेत्रभित्र प्रयोगमा नरहेको कृषियोग्य सार्वजनिक जग्गा,

प्रकारका जग्गाहरु नगरपालिकाले निश्चित सीमावधि र उद्देश्यमूलक कृषि उत्पादनका निमित्त कुनै कृषक वा कृषक समूह वा कृषि सहकारी वा उद्योगलाई प्रचलित कानूनको सीमाभित्र रही कृषि फार्म सञ्चालन वा कृषि उत्पादनको लागि करारमा दिन सक्नेछ ।

३१. **स्वामित्व हस्तान्तरण नहुनेः** यस ऐनको दफा २९ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

३२. **पुनःकरार गर्न नहुने :** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमति नलिई सोही विषयमा तेश्रो पक्षसंग पुनः करार गर्न पाउने छैन ।

३३. **व्यवसायिक कृषि करारका विषयवस्तुहरू :** (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको विषयवस्तु अनुसूची- १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकूल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

३४. **व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :** (१) यस ऐनको दफा २९ वा ३० बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरूबीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफैं वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

३५. **करार पूरा गर्नु पर्ने समय र तरिकाः** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लेखित समयभित्र र उल्लेखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ, तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

३६. **करार पूरा गर्ने स्थानः** (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख नभएकोमा करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब

माफिकको स्थान तोकिदिन सक्नेछ र अर्को पक्षले पनि गो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ।

३७. **करार पूरा गर्नु नपर्ने अवस्था:** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लङ्घन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्न नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न सम्भव नभएमा।

३८. **करार दर्ता गर्नु पर्ने** : (१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैतीस दिनभित्र नगरपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति कार्यालयले छुट्टै फाइल खडा गरी अनिवार्य रूपले राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(६) नगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा प्रचलित कानूनले निषेध गरेको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ।

## परिच्छेद ८

## विशेष कृषि तथा पशुपालन क्षेत्र सम्बन्धी व्यवस्था

३९. **विशेष कृषि क्षेत्र सम्बन्धी व्यवस्था :** (१) नगरपालिका सीमाक्षेत्र भित्रका कृषि योग्य जमिनहरुको भौगोलिक बनोट, उर्वरताको आधारमा र कम लागतमा अधिक कृषिजन्य उत्पादन हुने सम्भाव्यताको आधारमा कार्यपालिकाले विशेष कृषि उत्पादन क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशेष कृषि क्षेत्र घोषणा गर्ने आधार देहायबमोजिमको हुनेछ :

(क) भौगोलिक बनोट, पर्यावरणीय तथा वातावरणीय अवस्था

(ख) कृषि सडकको व्यवस्था

(ग) सिंचाईको व्यवस्था

(घ) प्राविधिक व्यवस्थापन

(ङ) विषय विज्ञको उपलब्धता वा त्यसको सम्भाव्यता

(च) कृषि यान्त्रिकरणको अवस्था

(छ) परम्परागत व्यवसायिक संस्कृति

(ज) कृषकको व्यवसायिक ज्ञानको अवस्था

(झ) निकासी पैठारीको सहजताको अवस्था

(ञ) कृषि उपज सङ्कलन, संरक्षण र भण्डारण सेवाको उपलब्धता वा सम्भाव्यता

४०. **विशेष कृषि क्षेत्र घोषित भएकोमा व्यवसायिक कृषि करार:** (१) नगर कार्यपालिकाले विशेष कृषि क्षेत्र घोषणा गरिसकेकोमा व्यवसायिक कृषि कार्यको लागि जग्गा उपलब्ध गर्न गराउन करार गर्दा जुन कृषि उत्पादनको क्षेत्र तोकिएको छ, सोही कृषि उत्पादन वा सो उत्पादनसँग सम्बन्धित व्यवसायिक कृषिको लागि मात्र करार गर्नुपर्छ।

४१. **विशेष पशुपालन क्षेत्र सम्बन्धी व्यवस्था :** (१) नगरपालिका सीमाक्षेत्रभित्रका पशुपालन योग्य जमिनहरुको भौगोलिक बनोट, सुविधाको आधारमा र कम लागतमा अधिक पशुजन्य उत्पादन हुने सम्भाव्यताको आधारमा कार्यपालिकाले विशेष पशुजन्य उत्पादन क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशेष पशुपालन क्षेत्र घोषणा गर्ने आधार देहाय बमोजिमको हुनेछ :

(क) भौगोलिक बनोटको अवस्था

(ख) सडकको निकटता

(ग) प्राविधिक व्यवस्थापन

(घ) पशु चिकित्सकको उपलब्धता वा त्यसको सम्भाव्यता

(ङ) परम्परागत व्यवसायिक संस्कृति

(च) कृषकहरुको पशुपालनको व्यवसायिक ज्ञानको अवस्था

(छ) पशुजन्य पदार्थ सङ्कलन, संरक्षण, प्रशोधन, भण्डारण सेवाको उपलब्धता वा सम्भाव्यता

(ज) निकासी पैठारीको सहजताको अवस्था

४२. **विशेष पशुपालन क्षेत्र घोषित भएकोमा व्यवसायिक करार :** (१) नगरकार्यपालिकाले विशेष पशुपालन क्षेत्र घोषणा गरिसकेकोमा व्यवसायिक पशुपालन कार्यको लागि जग्गा, भौतिक संरचना उपलब्ध गर्न गराउन करार गर्दा जुन पशुजन्य उत्पादनको क्षेत्र तोकिएको छ, सोही पशुजन्य उत्पादन वा सो उत्पादनसंग सम्बन्धित व्यवसायिक पशुपालन वा पशुजन्य उत्पादनको लागि मात्र करार गर्नुपर्छ।

## परिच्छेद- ९
## विवाद समाधान

४३. **विवादको समाधान:** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतीस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मेलमिलापविवादको टुङ्गो उपर चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडि बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडि बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका विषयविज्ञ वा मेलमिलाप कर्ता सहितको मध्यस्थता समितिको गठन गरिने छ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुवै पक्षहरूबाट अनुरोध भई आएमा सम्बन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको ७ (सात) दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्बन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

४४. **म्याद सम्बन्धमा:** यस ऐन बमोजिमको विवादमा पक्षको काबु बाहिरको परिस्थिति परी यस ऐनको दफा ४३ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

४५. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :** (१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्बन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस ऐनमा उल्लेखित विषयका हकमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विविध

४६. **व्यवसाय दर्ता गर्नु पर्ने:** (१) करार गरी कृषि तथा पशुजन्य उत्पादन व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषक समूह, कृषि फार्म वा एजेण्ट, सहकारी वा कम्पनी लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । निजले अधिकृत स्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो व्यवसाय वा व्यवसाय करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय दर्ता, व्यवसाय करार दर्ता दस्तुर, इजाजत दस्तुर, सिफारिस दस्तुर, प्रमाणीकरण दस्तुर, अनुमति दस्तुर तथा सेवा दस्तुर लगायतका व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था:** (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दर भाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व निर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षबीच कुनै लेनदेन भएको रहेछ भने, अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

४८. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी:** (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

४९. **दण्ड सजाय :** (१) कसैले यस ऐनको देहाय बमोजिम कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ३ को उपदफा (८) बमोजिम कसूर गर्नेलाई पहिलो पटक पशुको वर्ग हेरी पाँच सय देखि देखि पाँच हजार रुपैयाँ सम्म र पटक पटक कसूर गर्नेलाई दोब्बर जरिवाना,

(ख) सिफारिस गरेको भन्दा बाहेकको र मापदण्ड विपरितको कृषि उत्पादन सामाग्री तथा पशुजन्य उत्पादन सामाग्री पैठारी, बिक्री वितरण गर्ने व्यवसायीलाई दश हजार देखि चालिस हजार सम्म जरिवाना, सामग्री जफत गर्ने र सो सामग्रीको कारण कसैलाई हानी पुगेकोमा क्षतिपूर्ति भराउने,

(ग) दफा१७ र १८ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा दश हजार देखि पचास हजार रूपैयासम्म,

(घ) मनासिब कारण बेगर दफा ४६ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पाच हजारदेखि पच्चिस हजार रूपैयासम्म,

घ. दफा ४७ बमोजिम क्षतिपूर्ति [illegible] अवस्थामा नाफामूलक पशुक त्यस्ता क्षतिपूर्ति नदिएमा त्यस्तो [illegible] लाई पाँच हजार देखि पचास हजार रुपैयाँसम्म ।

ङ. यस ऐन बमोजिम दर्ता गर्नुपर्ने, जाँच वा परीक्षण गराउनु पर्ने, इजाजत लिनु पर्ने, प्रमाणीकरण गराउनु पर्नेमा नगरी व्यवसाय सञ्चालन गरेमा नगरपालिकाबाट व्यवसायको लागि दिइने सेवा सुविधाबाट वञ्चित गरिनेछ। कसुरको गम्भीरता हेरी एक हजार देखि पाँचसय हजार सम्म जरिवाना गरिनेछ।

च. कसैको नियन्त्रण वा स्वामित्वमा रहेको पशुले अरु कसैको जीउ, ज्यानमा आघात पुऱ्याएमा वा ज्यान लिएमा सम्बन्धित व्यक्ति वा व्यवसायीलाई प्रचलित कानुन बमोजिमको दण्ड, जरिवाना, उपचार खर्च र क्षतिपूर्ति व्यहोर्न पर्नेछ।

छ. यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड, निर्देशिका विपरीत कसैले कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराइनेछ।

(२) यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका तथा मापदण्डमा व्यवस्था गरिएको दण्ड सजायको व्यवस्था समेतलाई उपदफा (१) को खण्डहरूमा उल्लेखित व्यवस्था सरह मानिनेछ।

५०. **पुनरावेदन**: यस ऐनको दफा ४९ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५१. **बिमा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा बिमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बिमा कार्य गर्न अख्तियार पाएको बिमा कम्पनीले बिमा गर्नेछ।

(२) बिमा गर्ने प्रक्रियाका सम्बन्धमा बिमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित बिमा कम्पनीले बिमा गर्न सक्नेछ।

(४) कुनै बिमा कम्पनीले व्यावसायिक कृषि करारको बिमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ।

५२. **कृषि सूचनाको प्रवाह**: (१) कृषि तथा पशुपालन सम्बन्धी सूचना, प्रविधिको प्रसारण, प्रकाशन स्थानीय सञ्चार माध्यमबाट गरिनेछ।

(२) मौसमको पूर्वानुमान, हुन सक्ने प्रकृतिक प्रकोप, महामारी रोग र बजार सम्बन्धी सूचना र पूर्व सावधानीका उपायहरुको बारेमा नियमित रूपमा स्थानीय एफ.एम. रेडियो तथा अन्य सञ्चारका माध्यमबाट प्रसारण तथा प्रकाशित गरिने छ।

५३. **मानव स्रोत साधनको व्यवस्थापन** : यस ऐनको कार्यान्वयनको लागि नगरपालिका आफैले र सङ्घ तथा प्रदेश सरकारसंगको समन्वयमा आवश्यक मानवीय स्रोत साधनको व्यवस्थापन गर्न सक्नेछ।

५४. **कृषिजन्य वस्तु तथा पशुजन्य पदार्थको न्यूनतम मूल्यः** नगरपालिका क्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तु तथा पशुजन्य पदार्थको न्यूनतम मूल्य नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

५५. **प्रचलित कानुन बमोजिम हुने**: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

५६. **बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने:** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

५७. **नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने:** यस ऐनका उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

५८. **बचाऊ :** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१५

### दफा ३३ संग सम्वन्धित

(क) करारका लागि योग्यता पुगेका पक्षहरू
(ख) करारको प्रस्ताव
(ग) स्वीकृति
(घ) प्रतिफल र फलोपभोग सम्वन्धी भए सो कुरा
(ङ) करार खेतीको क्षेत्र,
(च) जग्गा र भौतिक साधन,
(छ) वस्तुको विवरण,मात्रा,
(ज) गुणस्तर,
(झ) सम्झौताको अवधि,
(ञ) उत्पादन गरिने वस्तुको खरिद /बिक्री मूल्य,
(ट) भुक्तानीको प्रक्रिया,
(ठ) दुवानीको दायित्व,
(ड) उत्पादन प्रक्रिया,
(ढ) अनुगमनका पक्षहरू,
(ण) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(त) गुणस्तर निर्धारणका आधारहरू,
(थ) पक्षहरूले एक अर्कोलाइ उपलब्ध गराउने सेवा तथा सुविधा,
(द) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।
(ध) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

आज्ञाले,
सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत